# मानमिन समाचार

अंक २१ अगष्ट ३०, २०१५


# प्रभुको प्रेमले इस्राएललाई जागृत तुल्याएको छ !

## वचन, शक्ति, विश्वास र प्रेमका साथ इस्राएली सेवकाइ




इस्राएल सुसमाचारको जन्म थलो भएतापनि अहिले यहूदीहरूले येशूलाई मुक्तिदाताको रूपमा विश्वास गर्दैनन् । डा. जेरक लीले जीवनको वचन र शक्तिशाली कार्यहरूद्वारा सृष्टिकर्ता परमेश्वर र येशू ख्रीष्टको बारेमा गवाही दिनु भएको छ । त्यस समयदेखि यता इस्राएली चर्चहरूमा वृद्धि आएको छ र प्रशस्त फलहरू फलेका छन् ।

मानमिनका सदस्यहरू इस्राएल राष्ट्रसित परिचित हुनुहुन्छ । योचाहिँ इस्राएल प्रभु जन्मनु भएको देश मात्र नभई इस्राएली पास्टरहरू र विश्वासीहरूले सिनियर पास्टर डा. जेरक लीको जीवन दिने वचनद्वारा उहाँहरू जागृत हुनुभएको र परमेश्वरको शक्ति अनुभव गर्नुभएका गवाहीहरू निरन्तर पठाइ रहनु हुने कारणले गर्दा पनि हो ।

सन् २०११ सालदेखि नै इस्राएली पास्टरहरूले रेभ. सुजिन लीलाई पास्टरहरूको सेमिनारमा अगुवाइ गर्नका लागि आमन्त्रित गर्दै आइरहनु भएको छ । साथै उहाँहरूले मानमिनका प्रस्तुतिकर्ताहरूलाई उहाँहरूको वार्षिक स्तुति प्रशंसा महोत्सवमा पनि आमन्त्रण गर्नु हुन्छ र हाम्रा प्रस्तुतिकर्ताहरूले त्यहाँ उत्कृष्ट प्रस्तुतिहरू प्रदर्शन गर्नु भएको छ ।

यसबाहेक, इस्राएलका पास्टर र सेवक सेविकाहरू मानमिनको सेवकाइ बारे जान्नको लागि चर्चको वार्षिकोत्सव र समर रिट्रीट जस्ता कार्यक्रमहरूमा सियोलस्थित मानमिन केन्द्रीय चर्चमा निरन्तर आउने गर्नु हुन्छ ।

मानमिन र इस्राएलबीचको सम्बन्ध चर्चको स्थापनाकालदेखि नै रहिआएको छ । सन् १९८२, जुलाई २५ मा, चर्चको उद्घाटन सेवापछि, परमेश्वरले सदस्यहरूलाई यो चर्चले प्रभुको दोस्रो आगमन नजिकिँदै गर्दा राष्ट्रव्यापी सुसमाचारीय कार्य, विश्व मिशन र विशाल पवित्र भवनको निर्माणद्वारा इस्राएललाई जागृत तुल्याउनेछ भनी विस्तृत रूपमा बताउनु भएको थियो ।

त्यसैकारण, मानमिनले इस्राएलको सेवकाइको लागि अत्याधिक मात्रामा प्रार्थना सञ्चित गरेको थियो । आश्चर्यजनक रूपमा, सन् २००७ को जुलाइ २५ मा डा. लीले येशू हुर्कनुभएको नासरतमा पहिलो सभा आयोजना गर्नुभयो ।

तीन वर्षको अवधिमा उहाँ बाह्रपटक त्यहाँ जानुभयो र उहाँले इस्राएलका हाइफा, अश्दोद, बेथलेहेम, यरूशलेम, अश्केलोन, बर्सेवा, एलियोत, तेल अवीव र नहरिया जस्ता क्षेत्रहरूको भ्रमण गर्नु भएर लगभग इस्राएलका सबै क्षेत्रहरूमा पुग्नु भयो । उहाँले २४ वटा सभाहरू र तीनवटा पास्टरीय सेमिनारहरूका साथै इस्राएली पास्टर र अगुवाहरूसित दसवटा भन्दा बढी सभाहरू आयोजना गर्नु भयो । उहाँहरूमा परमेश्वरको प्रेम उहाँले प्रवाह गर्नु भयो ।

यस बाहेक, डा. ली जानु भएको हरेक स्थानमा सृष्टिकर्ता परमेश्वरका महान् कार्यहरू प्रकट भएका छन् । उहाँको प्रार्थनाद्वारा, धेरै मानिसहरू क्यान्सर, मुटुको रोग, छारेरोग, मधुमेह र डिप्रेशन जस्ता निको नहुने रोगहरूबाट निको हुनु भएको छ । कतिपय मानिसहरू लागू पदार्थको दुर्व्यसनीबाट मुक्त हुनु भएको छ र कतिले गर्भधारणको आशिष् पनि पाउनु भएको छ । इस्राएलका सबै भागहरूमा प्रभुको सुसमाचार सशक्त बनी पवित्र आत्माका कार्यहरू फैलिएका छन् । इस्राएलका शीर्ष अधिकारीहरू र रूढिवादी यहूदीहरूले पनि यो खबर सुन्नु भएको छ ।

इस्राएलको मूल कानूनले देशमा धार्मिक स्वतन्त्रता प्रदान गरेतापनि, अधिकांश नागरिकहरू यहूदी मतका हुनुहुन्छ । डा. ली र मिशन टोलीले इस्राएलमा पहिलो पटक यात्रा गर्नुहुँदा, त्यहाँ थोरै मात्र मसीही यहूदीहरू हुनुहुन्थ्यो । उहाँहरू सामाजिक परिवेशको कारणले गर्दा डराउनुहुन्थ्यो । पास्टरहरूलाई आफ्नो सेवकाइको बारेमा सन्देह थियो र इस्राएलमा सेवकाइ गर्नु परमेश्वरको इच्छा हो कि होइन भनी उहाँहरू सोध्ने गर्नु हुन्थ्यो । यस्तो अवस्थामा, डा. लीले इस्राएलका धेरै क्षेत्रहरूमा भ्रमण गर्नु भयो र उहाँहरूलाई प्रोत्साहन दिनुभयो । उहाँले परमेश्वरका शक्तिशाली कार्यहरू उहाँहरू माझ प्रकट गर्नु भयो र परमेश्वरको प्रेम उहाँहरूमा प्रवाह गर्नुभयो । उहाँको निष्कपट हृदयले उहाँहरूको हृदयलाई छोयो र उहाँहरूलाई साहस दियो । सेवकाइको यो मार्गलाई संसारको कुनै पनि पास्टरले कहिल्यै पनि दृष्टिगत गर्नु भएको थिएन ।

डा. लीद्वारा, इस्राएली पास्टरहरू र विश्वासीहरूले प्रभुको प्रेमलाई बुझ्नु भयो र सामर्थ्य प्राप्त गर्नु भयो । उहाँहरू एकजुट हुन थाल्नुभयो र स्वेच्छापूर्वक क्रिस्टल फोरम (इस्राएली पास्टरहरूको संगठन) स्थापना गर्नु भयो । सन् २००९ मा उहाँहरूले इस्राएल संयुक्त क्रूसेड आयोजना गर्नुभयो र डा. लीलाई वक्ताको रूपमा आमन्त्रित गर्नुभयो । यो क्रूसेड यरूशलेमको अन्तर्राष्ट्रिय सभा केन्द्रमा सम्पन्न भएको थियो र यसले आश्चर्यजनक फलहरू फलाएको छ । २२ वटा प्रसारण केन्द्रहरू मार्फत् यसलाई विश्वभरि प्रसारण गरिएको थियो । किन येशू मात्र हाम्रो मुक्तिदाता हुनुहुन्छ भनी डा. लीले साहसका साथ घोषणा गर्नु भयो । आईसीसीमा आउनु भएका धेरै मानिसहरू र अन्य दर्शकहरूले उहाँको साहसीलो प्रचार र उहाँद्वारा प्रकट भएका आश्चर्यजनक शक्तिका कार्यहरूलाई सजीव रूपमा स्मरण गर्नु भएको छ ।

हाल, इस्राएलमा मानमिनका बाह्रवटा शाखा चर्चहरू र बीसवटा परिवार चर्चहरू रहेका छन् । डा. लीले प्रार्थना गरिदिनु भएको रुमालद्वारा सदस्यहरूले चङ्गाइका शक्तिशाली कार्यहरू र उत्तरहरू प्राप्त गरेको अनुभव गर्नुभएको छ (प्रेरित १९:११-१२) ।

यसबाहेक, सिएमटिएन, टिबिएन रसिया, सिएनएल, होली गड टिभी र रोडनोइमा प्रसारण हुने डा. लीका वचनहरूका साथै अंग्रेजी, रूस, हिब्रू र अरबी भाषामा प्रकाशित डा. लीका पुस्तकहरू क्रूसको सन्देश र जाग इस्राएल अनि मानमिन समाचार द्वारा सदस्यहरू आत्मिक रूपमा जागृत हुनु भएको छ । क्रिस्टल फोरमले क्रिस्टल संगीत महोत्सव जस्ता विभिन्न कार्यक्रमहरूको आयोजना गरी सक्रिय रूपमा कार्य गरिरहेको छ र इस्राएलका चर्चहरू पुनर्जीवित भएका छन् ।

अन्तको समयको निम्ति रहेको परमेश्वरको प्रबन्धमा यो इस्राएली सेवकाइ पनि समावेश छ । अहिले पनि इस्राएललाई जागृत गराउनका लागि पवित्र आत्माले कार्य गरिरहनु भएको छ । उहाँको अन्त्यहीन प्रेमले इस्राएलको लागि मात्र नभई सम्पूर्ण मानवजातिप्रतिको परमेश्वरको धैर्यता र प्रतिक्षालाई दर्शाउँदछ ।

## प्रभुको सन्देश श्रृंखला – (२१)

# यो रहस्य कति महान् छ !



डा. जेरक ली

"यसकारण मानिसले आफ्ना बाबु-आमालाई छोडेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन् । यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र चर्चको सम्बन्धमा बोल्दछु ।"
(एफिसी ५:३१-३२)

संसारका सबै मानिसहरूलाई यो थाहा छ कि, "मानिसले आफ्ना बाबु-आमालाई छोडेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन् ।" यद्यपि, बाइबलले हामीलाई "यो एउटा गम्भीर रहस्य हो" भनी भन्दछ किनभने माथि उल्लेखित पदहरूले विवाहको सम्बन्धलाई नभई इसाईहरू र उहाँहरूको दुलहा प्रभुबीचको सम्बन्धलाई जनाउँदछन् ।

श्रीमान र श्रीमतीले आफ्ना बाबु-आमालाई छोडेर एकै शरीर भएझैं हामीहरूले पनि यस संसारलाई त्यागेर येशू ख्रीष्टसित एक हुनु, यो कति महान र अद्भूत रहस्य हो ? अब, हामी प्रभुसँग वास्तविक रूपमा कसरी एक हुन सक्छौं त ?

### १. विश्वासद्वारा येशू ख्रीष्टलाई स्वीकार गरेपछि पवित्र आत्मा प्राप्त गर्नु

पहिलो मानिस आदमले परमेश्वरको विरुद्धमा अनाज्ञाकारिताको पाप गर्नु भएपछि, उहाँका सबै सन्तानहरू पापको कमारा भए र शत्रु दियाबलसको अधीनमा परे (यूहन्ना ८:४४; १ यूहन्ना ३:८) । तरैपनि, मानिसहरूलाई तिनीहरूका पापहरूबाट छुटकारा दिनुहुने येशू ख्रीष्टलाई ग्रहण गर्नेहरूले पवित्र आत्मा प्राप्त गर्नु हुन्छ र परमेश्वरका छोराछोरीहरूको रूपमा उहाँहरू नयाँ गरी जन्मनु हुन्छ र त्यसैले विश्वासद्वारा येशू ख्रीष्टसँग एक हुनु भएकाहरू, स्वर्गको राज्ययमा प्रवेश गर्न सक्नु हुन्छ ।

यूहन्ना ३:६ ले, "शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो," भनी हामीलाई स्मरण गराएझैं, जब पवित्र आत्मा हाम्रो हृदयमा आउनु हुन्छ, हामीमा रहेको मृत आत्मा पुनर्जीवित हुन्छ र उहाँले हामीलाई आत्मालाई जन्म दिन अनुमति दिनुहुन्छ । यहाँ, "पवित्र आत्माबाट जन्मेको" भन्ने अभिव्यक्तिले सत्यताको ज्ञानले हाम्रो हृदय भरिएको खण्डमा हामी प्रभुसित समरूप हुन्छौं भनी जनाउँदछ । यसरी आत्मालाई जन्म दिनु हुने विश्वासीहरू परमेश्वरको सन्तान बन्नु हुनेछ र उहाँहरूले परमेश्वरलाई, "पिता" भनी सम्बोधन गर्न सक्नु हुन्छ (रोमी ८:१५; गलाती ४:६) ।

परमेश्वरका छोराछोरीहरूले, पवित्र आत्मा प्राप्त गर्नु भएपछि, पवित्र आत्माद्वारा आत्मालाई जन्म दिनुहुने प्रक्रियाबारे राम्ररी बुझ्नका लागि मानिसको हृदयलाई हामी अलि गहिराइबाट नियालेर हेरौं ।

सर्वप्रथम, मानिसको हृदयलाई पूर्ण सत्यताको हृदय र पूर्ण असत्यताको हृदयमा विभाजन गर्न सकिन्छ; पहिलोलाई हामी "सेतो हृदय" र पछिल्लोलाई "कालो हृदय" भन्नेछौं ।

पहिलो मानिसको नाकमा परमेश्वरले उहाँको जीवनको सास फुकिदिनु भएपछि, अब मानिसले जीवनको बीउ प्राप्त गर्‍यो । परमेश्वरले उहाँको हृदयमा सत्यता हालिदिनु भएकोले गर्दा, आदममा रहेको जीवनको बीउलाई ढाकिदिने सत्य उहाँको आत्मा र हृदय बन्यो ।

समय बित्दै जाँदा, आदमले पाप गर्नु भयो र परमेश्वरसित उहाँको सञ्चार तोडियो र यसको फाइदा उठाएर शत्रु दियाबलस र शैतानले आदममा कार्य गर्न थाल्यो र त्यसले उहाँमा पाप, दुष्टता, अपराध र अराजकता जस्ता असत्यताहरू हालिदियो ।

त्यसपछि अर्को प्रकारको हृदय, विवेकको निर्माण भयो । मानिसले आफ्नो जन्मैदेखि लिएर आएको स्वभावका साथै आफ्नो जीवनकालमा देखेका र सुनेका कुराहरूलाई ग्रहण गरे अनुसार नै उसको विवेकको निर्माण भएको हुन्छ । हरेक व्यक्तिले सत्य र असत्य दुवै मिश्रित आफ्नै प्रकारका मूल्य-मान्यताहरू र न्यायका मापदण्डहरू बनाएको हुन्छ र यो नै विवेक हो । त्यसैले, एउटा व्यक्तिको विवेक अर्को व्यक्तिभन्दा फरक र समयअनुसार मानिसहरूको विवेक फरक हुन्छ ।

सत्यताको हृदय, असत्यताको हृदय र विवेक गरी उल्लेखित तीन प्रकारका हृदयहरूमध्ये-परमेश्वरले मानिसमा राखिदिनु भएको सत्यताको हृदय लगभग हराएर गएको छ र अहिले मानिसहरूको विवेक झन् झन् दुष्ट हुँदै गइरहेको छ ।

### २. पवित्र आत्माले हाम्रो हृदयमा आत्मालाई जन्म दिनुहुन्छ

शुरुमा परमेश्वरले मानिसमा हालिदिनु भएको जीवनको बीउले सक्रिय रूपमा कार्य गर्दथ्यो किनभने मानिसले परमेश्वरसित सञ्चार गर्न सक्थ्यो र ऊ परमेश्वरबाट सत्यताले भरिएको थियो । तथापि, आदमको पापको काणले गर्दा, परमेश्वरसित मानवजातिको सञ्चार टुट्यो र असत्यताहरूले मानिसको हृदयमा प्रवेश गरे र तिनले बिस्तारै जीवनको बीउलाई ढाकिदियो ।

अब त्यो जीवनको बीउ, असत्यताले ढाकिएपछि निष्क्रिय भयो र यसका गतिविधिहरू झनै संकुचित बन्दै गए, यो पूर्ण रूपमा असहाय भयो, र मृत जस्तै बन्न पुग्यो । परमेश्वरसितको सञ्चार टुटेको र जीवनको बीउले कार्य नगरी निष्क्रिय भएको अवस्थालाई "मानिसको आत्माको मृत्यु" भनी उल्लेख गर्न सकिन्छ । योचाहिँ कुनै विरुवा मृत जस्तो देखिएतापनि त्यसमा जीवन रहेसम्म त्यसमा कोपिला लागेको र वृद्धि भएको जस्तै हो ।

मानिसको मृत आत्मा कति बेला पुनर्जीवित हुन्छ त ? हामीले पवित्र आत्मा प्राप्त गरेपछि यो पुनर्जीवित हुन्छ । जब कुनै व्यक्तिलाई सुसमाचार प्रचार गरिन्छ, तब त्यस व्यक्तिको हृदयमा जीवनको ज्योति र सत्यता चम्कँन्छ । त्यस समयमा, त्यो व्यक्तिमा बाँकी रहेको सत्यतापूर्ण र असल हृदयले ज्योतिलाई स्वीकार गर्दछ र उसले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गर्दछ । त्यसपछि परमेश्वरले त्यस व्यक्तिको हृदयमा पवित्र आत्मा पठाइदिनु हुन्छ र पवित्र आत्मा त्यस व्यक्तिको हृदयमा भएको जीवनको बीउसँग एक बन्नु हुन्छ ।

जब जीवनको बीउ पवित्र आत्मासित एक हुन्छ, तब यो सलबलाउन थाल्छ र सक्रिय हुन्छ । आदमले पाप गर्नु भएको समयदेखि अवरुद्ध रहेको परमेश्वरसितको सञ्चार फेरि शुरू हुन थाल्दछ र त्यस व्यक्तिमा सत्यको ज्ञान फेरि आपूर्ति हुन थाल्दछ । घृणा, अहंकार, झै-झगडा, रीस र व्यभिचार जस्ता असत्यताले भरिएको हृदय प्रेम, अरूको सेवा गर्ने, र शान्ति कायम गर्ने जस्ता सत्यताहरूले भरिन्छ ।

### ३. हृदयमा रहेका असत्यताहरूलाई फ्याँकेर आत्माको मानिसमा परिवर्तन हुनु

यस प्रक्रियाद्वारा कुनै पनि व्यक्तिले पवित्र आत्माद्वारा आत्मालाई जन्म दिन सक्छ र यस प्रक्रियाको सबैभन्दा आवश्यक तत्व भनेको प्रार्थना हो । जति मात्रामा उसले इमानदारीताका साथ लगनशील भई प्रार्थना गर्दछ, त्यतिनै मात्रामा उसले माथिबाट परमेश्वरको अनुग्रह र सामर्थ्य प्राप्त गर्दछ, जसले गर्दा उसले आफ्नो हृदयदेखि असत्यताहरूलाई त्याग्न सक्नेछ ।

उसले जति सुकै हार्दिकतापूर्वक प्रार्थना गरेतापनि, यदि उसले आफ्नो विचार र सोचाइहरूलाई तोड्दैन भने उसको प्रार्थना व्यर्थ हुनेछ । पवित्र आत्माले सत्यताको हृदयलाई नियन्त्रण गर्नु हुन्छ र पवित्र आत्माको इच्छालाई पछ्याएर जीवन जिउन अगुवाइ गर्नु हुन्छ तर शैतानले भने मानिसको सोचाइद्वारा कार्य गरी असत्यतापूर्ण हृदयलाई नियन्त्रण गर्दछ (२ कोरिन्थी १०:५) ।

उसमा धेरै मात्रामा असत्यता छ भने, पवित्र आत्माले उसको हृदयमा प्रभाव पार्नु भन्दा अघि नै शैतानले उसका सोचाईहरूमा प्रभाव पार्दछ, जसले गर्दा ऊ शरीरको चाहना अनुसार जीवन बिताउन थाल्दछ र विनाशको मार्गमा जाँदछ (रोमी ८:५-६) । उसको हृदयले रित्तोपना महसुस गर्नेछ र हृदय भित्र संघर्ष हुनेछ अनि त्यस व्यक्तिले परमेश्वरका कार्यहरूलाई स्पष्टसित अनुभव गर्न सक्ने छैन ।

उसले आफ्नो हृदयदेखि असत्यताहरूलाई त्यागेतापनि, परीक्षाहरूको अन्त्य भने त्यत्तिकैमा हुनेछैन; आफ्नो विवेक र स्वभावको गहिराइमा लुकेर रहेको पापमय प्रवृत्तिहरू र दुष्टतालाई पत्ता लगाउन र फाल्न उसले प्रयत्न गर्नु पर्दछ । विवेकले व्यक्तिको प्रवृत्तिलाई निर्धारण गर्दछ र यो नै हृदयको गहिराइ हो जसको बारेमा मानिस अनभिज्ञ हुन्छ ।

उसको विवेकमा रहेको असत्यता परमेश्वरको धार्मिकतासित सहमत नभई उसको आफ्नो दृष्टिकोणमा मात्र सही र उचित देखिन्छ । यस कारणले गर्दा ऊ आफैले ती कुराहरू पत्ता लगाएर त्याग्नु सजिलो छैन । हरेक व्यक्तिलाई परीक्षाहरूको माध्यमद्वारा उसको विवेक र स्वभावमा भएका असत्यताहरूलाई पत्ता लगाउन दिनुभएर, परमेश्वरले तिनीहरूलाई उहाँका पवित्र भाँडाहरू बनाउनुहुन्छ । "निष्ठावान् मानिस" अय्यूबले उहाँको स्वभावमा रहेको स्व-धार्मिकतालाई चिन्न र त्याग्न सक्नुभएको होस् भन्ने हेतुले उहाँ परीक्षाहरूबाट गुज्रनु परेको थियो ।

जब तपाईंले उहाँको वचन सुन्नु हुँदा पवित्र आत्माको प्रेरणामा परिश्रमपूर्वक आफैलाई पत्ता लगाउनु हुन्छ तब तपाईंले आफ्नो स्वभावबाट असत्यताहरूलाई शीघ्र त्याग्न सक्नु हुनेछ र पूर्ण रूपमा पवित्र हुनुभएको आत्माको मानिस बन्न सक्नु हुनेछ ।

### ४. प्रभुसँग एक भएर पर्याप्त आशिष् प्राप्त गर्नु

जब हामी सत्यतासँग संघर्ष गरिरहने असत्यताहरूलाई त्यागेर हाम्रा स्व-धार्मिकताहरूलाई तोडी पवित्र आत्माद्वारा आत्मालाई जन्म दिन्छौं र सत्यको हृदय धारण गर्दछौं, तब हामी प्रभुसित एक हुनेछौं ।

१ यूहन्ना २:१२ देखि तलका पदहरूले विश्वासको विभिन्न तहहरूका बारेमा उल्लेख गर्दै (रोमी १२:३) - प्रभुसित एक हुने प्रक्रियालाई - मानिसको हुर्कने क्रमसित तुलना गरेका छन् ।

येशू ख्रीष्टलाई भर्खर ग्रहण गरी पवित्र आत्मा प्राप्त गरेर मुक्ति प्राप्त गर्नु भएकाहरूको विश्वासको तहलाई "साना बालकहरूको विश्वास" भनी उल्लेख गरिएको छ; सत्यतामा हिँड्न प्रयत्न गर्ने विश्वासको तहलाई "बालकहरूको विश्वास" को रूपमा उल्लेख गरिएको छ; परमेश्वरको वचन अनुसार जिउनेहरूका विश्वासको तहलाई "युवकहरूको विश्वास" को रूपमा उल्लेख गरिएको छ; र विश्वासमा वृद्धि भएर विश्वासको पूर्ण नापसम्म पुग्नुभएकाहरूको विश्वासको तहलाई "पिताहरूको विश्वास" को रूपमा उल्लेख गरिएको छ ।

जब हामी पिताहरूको विश्वासको तहमा प्रवेश गर्दछौं र प्रभुसित पूर्ण रूपमा एक हुन्छौं तब हामीले मुक्ति प्राप्त गर्नेछौं र हाम्रा प्रार्थनाहरूका उत्तरहरू प्राप्त गर्नेछौं (१ यूहन्ना ३:२१-२२) । तपाईंहरू हरेकले परिश्रमपूर्वक पवित्र आत्माद्वारा आत्मालाई जन्म दिनु भएर प्रभुसित पूर्ण रूपमा एक हुनु भई यस पृथ्वीको जीवनका साथै स्वर्गको सबैभन्दा महिमित स्थान नयाँ यरूशलेममा, आशिषित् जीवन जिउनु भएको होस् भनी हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु !



# परमेश्वरले हृदय हेर्नुहुन्छ

प्रेमको परमेश्वरले १ शमूएल १६:७ को दोस्रो भागमा भन्नु भएको छ, "... परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ ।" परमेश्वरले मानिसहरूका हृदयलाई हेर्नुहुन्छ किनभने कुनै पनि व्यक्तिको मनोवृत्ति, बोलीवचन र कार्यहरू मुख्यतया उसको भित्री हृदयले निर्धारण गर्दछ । अधिकांश मानिसहरूको हृदयमा भलाइ र दुष्टता दुवै हुने भएकोले गर्दा समय समयमा तिनीहरू परिवर्तन हुने गर्दछन् । तरैपनि, 'भित्री हृदय' भने फरक हुन्छ । कुनै पनि परिस्थितिमा यो परिवर्तन हुँदैन । त्यसैले, हामीले भित्री हृदयदेखि कार्य गरेको खण्डमा मात्र हामीले परमेश्वरका साथै अरूबाट पनि भरोसा पाउन सक्छौं ।

## 'भित्री हृदय' भनेको के हो त ?

सामान्यतया "भित्री हृदय" लाई 'समयको बहावसँगै निर्माण भएको हृदय' को रूपमा व्याख्या गर्न सकिन्छ । यसले हाम्रो हृदयलाई नियन्त्रण गर्ने शक्तिको स्रोतको रूपमा काम गर्दछ । भित्री हृदयका केही भागहरू आमाबाबुबाट वंशाणुगत रूपमा आएका हुन्छन् । तर यो भित्री हृदय हामीले हाम्रो जीवनकालमा ग्रहण गरेका र हृदयमा धारण गरेका कुराहरूले पनि बनिएको हुन्छ ।

उदाहरणको लागि, यदि तपाईंले आफ्नो हृदयदेखि परमेश्वरलाई प्रेम गर्नुहुन्छ भने तपाईंले सँधै उहाँका आज्ञाहरू पालना गर्नु हुनेछ र आफ्नो सोचाइ प्रयोग नगरी परमेश्वरको इच्छालाई रोज्नु हुनेछ । यदि तपाईंको भित्री हृदय सत्यताद्वारा निर्माण भएको छ भने, हानि र नोक्सानी बेहोर्नु पर्ने अवस्थामा पनि तपाईंले झूट बोल्न सक्नुहुन्न । तर सामान्यतया, झूट नबोल्ने केही मानिसहरूले पनि चरम वा आशाहीन अवस्थामा पर्दा झूट बोल्ने गर्दछन् । किनभने तिनीहरूको भित्री हृदय पूर्णतया सत्यताद्वारा निर्माण भएको हुँदैन ।

कुनै व्यक्तिको भित्री हृदय कति असल र सोझो छ सोही अनुरूप उसको जीवनको मार्ग निर्धारित हुन्छ । केही मानिसहरूको हृदय असल जस्तो देखिएतापनि तिनीहरूले आफूले निर्णय गरेका कुराहरू पूरा गर्न सक्दैनन् । कतिपयमा चाहिँ असल हृदय नभएको जस्तो देखिएतापनि तिनीहरू परिवर्तन नभई आफूले निर्णय गरेका कुराहरू पूरा गर्न सक्छन् ।

त्यसैले, तपाईंले आफ्नो हृदयबाट सत्यतालाई उल्लंघन गर्ने सबै कुराहरू फालेर सत्यताका कुराहरूलाई हृदयमा खोपेर राखी सत्यतापूर्ण र सिद्ध भित्री हृदय निर्माण गर्नु पर्दछ ।

## हामीले सिद्ध भित्री हृदयका साथ परमेश्वरको इच्छालाई पालना गर्न के गर्नुपर्छ त ?

### सर्वप्रथम, तपाईं भित्री हृदयदेखि नै हर समय आनन्दित बन्नु पर्दछ ।

परमेश्वरका छोराछोरीहरूका लागि मुक्तिको आनन्द नै सबैभन्दा ठूलो आनन्द हो । सम्पूर्ण मानवजातिले नरकमा कष्ट भोग्नु पर्ने थियो । तर, येशू ख्रीष्टको अनमोल रगतको अनुग्रहद्वारा, तिनीहरूले सम्पूर्ण पापहरूबाट क्षमा पाउन, अनन्त जीवन प्राप्त गर्न, सर्वशक्तिमान् परमेश्वरको छोराछोरी बन्न र सुन्दर स्वर्गमा बस्ने योग्यता प्राप्त गर्न सक्छन् । त्यसैले भित्री हृदयमा मुक्तिको आनन्द भएका मानिसहरूले यस पृथ्वीमा जस्तो सुकै परीक्षाको सामना गर्नु परेतापनि, त्यो आनन्दलाई गुमाउनु हुने छैन ।

परमेश्वरको सन्तानको रूपमा अनुभव हुने आनन्दलाई जब तपाईंले आफ्नो हृदयमा खोपेर राख्नु हुन्छ, तब त्यो तपाईंको भित्री हृदयमा गढेर रहन्छ । तपाईंले यस्तो प्रकारको स्वकारोक्ति दिँदै यो गर्न सक्नुहुन्छ, "परमेश्वर मेरो पिता हुनुहुन्छ, र म उहाँको सन्तान हुँ । मैले प्रार्थनामा उहाँसित जे सुकै मागेतापनि, उहाँले मलाई त्यो दिनु हुनेछ । उहाँले मलाई सँधै असल मार्गमा डोऱ्याउनु हुन्छ किनभने उहाँले मलाई प्रेम गर्नुहुन्छ ।" यदि कसैको हृदयमा यो कुरा खोपिएको छ भने, प्रार्थनाको उत्तर आउन ढिलो भएतापनि, 'उपयुक्त समय आएपछि परमेश्वरले मलाई त्यो दिनुहुनेछ' भन्ने विश्वासका साथ उहाँ आनन्दित बन्न सक्नु हुन्छ । सबै परिस्थितिहरूमा यस्ता मानिसहरूको भित्री हृदयमा आनन्द हुन्छ त्यसैले उहाँहरू सबै कुरामा आनन्दित बन्न सक्नु हुन्छ ।

### दोस्रो, तपाईंले भित्री हृदयदेखि नै सबै कुराहरूमा धन्यवाद दिनु पर्दछ ।

पृथ्वीमा हाल मानव सम्वर्द्धनबाट गुज्रिरहनु भएका आफ्ना छोराछोरीहरूलाई अनन्तकालसम्म आनन्द प्रदान गर्नका लागि परमेश्वरले उत्तम र सबै भन्दा सुन्दर सामाग्रीहरू प्रयोग गरी स्वर्ग तयार गर्नु भएको छ । त्यसैले, उहाँहरूले पृथ्वीको जीवनमा कठिनाइहरू भोग्नु भएतापनि, यदि उहाँहरूमा स्वर्गको लागि आशा छ भने, उहाँहरूले यस जीवनको खाँचो आवश्यकतामा होइन तर अनन्त स्वर्गमा आफ्नो दृष्टि लगाउनु हुनेछ । यसरी उहाँहरू हृदयदेखि नै धन्यवादी हुन सक्नुहुन्छ । हिब्रू ६:१९ ले भन्दछ, "हाम्रा आत्माको निम्ति दृढ र सुरक्षित लङ्गरको रूपमा यो आशा हामीसित छ । यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ ।"

हामीले परमेश्वरबाट उत्तर वा आशिष् प्राप्त गर्दा मात्र होइन तर सबै कुराहरूमा धन्यवाद दिन सक्छौं । हामीसित हाम्रो पिता परमेश्वर हुनुहुन्छ जसमाथि हामी विश्वास र भरोसा गर्न सक्छौं र उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामीलाई सान्त्वना दिनुहुन्छ, त्यसैले हामी धन्यवादी छौं । जब हामी उहाँको अनुग्रह र प्रेमप्रति हाम्रो धन्यवादिता व्यक्त गर्दछौं, तब त्यसले उहाँको हृदयलाई छुनेछ र उहाँले खुशीसाथ हाम्रो हृदयलाई ग्रहण गर्नुहुनेछ ।

त्यसैले, यस्तो प्रकारको धन्यवादिताका साथ परमेश्वरका साँचो सन्तान बन्नका लागि उपवास बस्नुहुने र प्रार्थना गर्नुहुने मानिसहरूले उहाँका आश्चर्यजनक उत्तरहरू र आशिष्हरू अनुभव गर्न सक्नु हुनेछ ।

### अन्तमा, तपाईंले भित्री हृदयदेखि निरन्तर प्रार्थना गर्नुपर्दछ ।

तपाईंले प्रार्थना गर्नुभएको परमेश्वरले हेरिरहनु भएको छ र तपाईंले भन्नु भएको कुरालाई उहाँले ध्यान दिनु भएर सुनिरहनु भएको छ भनी यदि तपाईंले विश्वास गर्नुहुन्छ भने, तपाईंले हृदयदेखि प्रार्थना गर्न सक्नु हुनेछ (२ इतिहास ७:१५; मत्ती १८:२०) र सर्वप्रथम तपाईंले परमेश्वरको अनुग्रहको लागि धन्यवाद दिँदै उहाँको राज्यको लागि प्रार्थना गर्नुहुनेछ । तपाईंले पवित्र आत्माको अगुवाइमा प्रार्थना गर्नुहुँदा, प्रार्थनामा परमेश्वरको हृदयको गहिराइलाई बुझ्न सक्नु हुनेछ ।

कसैले तपाईंसित सहयोग माग्दा, यदि तपाईंले त्यो व्यक्तिको इमानदारिता महसुस गर्नुभयो भने, तपाईंले उसलाई बुझ्न सक्नुहुन्छ र जसरी भएपनि उसलाई सहायता गर्न सक्दो प्रयास गर्नु हुनेछ । परमेश्वर स्वयम् प्रेम हुनुहुन्छ । उहाँ आफ्ना छोराछोरीहरूलाई केही पनि बाँकी नराखी सबै कुरा दिन चाहनुहुन्छ । अनि, हामीले हृदयदेखि प्रार्थना गर्दा र विश्वासका साथ हार्दिकतापूर्वक पुकार्दा उहाँले हामीलाई उत्तर दिन इन्कार गर्नु हुने छैन (यर्मिया ३३:३) ।

यदि तपाईं परमेश्वरको शक्तिमा केही कुरा पनि असम्भव छैन भनी विश्वास गर्नुहुन्छ र त्यो विश्वासद्वारा प्रार्थना गर्नुहुन्छ भने, यसले परमेश्वरलाई खुशी तुल्याउँदछ र उहाँले चाँडै नै तपाईंलाई उत्तरहरू र आशिष्हरू दिनुहुनेछ ।

समय बित्दै गएतापनि सिद्ध भित्री हृदयदेखिको भक्ति र विश्वासयोग्यता परिवर्तन हुनेछैन, तर समयसँगै यो अझ बढी हार्दिक र निष्कपट हुनेछ । हामी सबै कुरा भित्री हृदयदेखिको प्रेम र स्वर्गको आशाका साथ गरौं र परमेश्वरबाट उत्तर र आशिष्हरू प्राप्त गरौं ।

# "२०१५ साल अप्रिल महिनाको नेपालको महा-भूकम्पमा हामीले सुरक्षा पायौं !"

सन् २०१५ सालको अप्रिल २५ मा गएको ७८ रेक्टरको महाभूकम्प र त्यसपछिका पराकम्पनहरूले नेपाललाई नराम्रोसँग प्रभावित तुल्यायो । सन् १९३४ पछिको यो सबै भन्दा ठूलो विनाशकारी प्राकृतिक प्रकोप थियो । यसले धेरै मानिसहरूको ज्यान लियो र धनजनको ठूलो क्षति भयो । नेपाल मानमिन मिशन केन्द्र, नेपालको ललितपुरमा अवस्थित छ । यो घना आबादी भएको महानगरीय क्षेत्र भएकोले, यहाँ ठूलो जोखिमको सम्भावना थियो । तरैपनि, यसका १९६ शाखाहरू र परिवार चर्चहरूका साथै यो केन्द्र पनि सुरक्षित छ ।



२०१५ साल, अप्रिल २५ गते शनिबारको दिन थियो र बिहानको ११:५६ बजेको थियो । शनिबारको दिन हामी आइतवारका सेवाहरू अर्पण गर्छौं, त्यसैले हामी चर्चमा नै थियौं । त्यस दिन बिहानको सेवापछि मेरा चर्चका सदस्यहरू खाना खान तल ओर्लदैं हुनुहुन्थ्यो ।

दिउँसो १२ बज्नु अघि नै, ७.८ रेक्टरको महाभूकम्प गयो र त्यसको प्रभाव लगभग एक घण्टाभन्दा लामो समयसम्म रहिरह्यो । धेरै जसो सदस्यहरू बाहिर निस्किनु भएर सडकतिर जानुभयो । तेस्रो तल्लामा रहनु भएका सदस्यहरूलाई आश्वासन दिएर म कार्यालय रहेको चौथो तल्लामा गएँ । चर्चका अगुवाहरू खसेका कुराहरूलाई टिप्दै हुनुहुन्थ्यो र चर्चका सदस्यहरूलाई आवश्यक पर्न सक्ने कुराहरू खोज्दै हुनुहुन्थ्यो ।

तर भूकम्प अझै ठूलो हुँदै गयो, त्यसैले म र चर्चका अगुवाहरू मिलेर हामीले फोनमा रेकर्ड गरिएको सिनियर पास्टर डा. जेरक लीको प्रार्थना ग्रहण गऱ्यौं । त्यसपछि, पास्टर भएर पनि केही सदस्यहरूसित मैले असजिलो महसुस गरेकोमा र केही अगुवाहरूलाई दोष दिएकोमा मैले पूर्ण रूपमा पश्चात्ताप गरेँ । त्यो समय, यो नै मेरो जीवनको अन्तिम क्षण हुन सक्छ भन्ने सोचाईं पनि ममा आयो, तर फेरि मैले आफ्ना सदस्यहरूको बारेमा सोचेँ । उहाँहरूलाई थोरै पनि चोट लागेमा वा उहाँहरू समस्याहरूमा पर्नु भएको खण्डमा म त्यो कुरा सहन सक्दिनँ भनी मैले सोचेँ ।

बाटोमा जानु भएका सदस्यहरूले चर्च भवनलाई हेरिरहनु भएको थियो भनी मैले पछि सुनेँ । अन्य भवनहरूको तुलनामा हामी बसेको भवनको चौडाइ कम र उचाइ ज्यादै अग्लो थियो । यो भवन पिङ्ग मच्चिए सरह हल्लिरहेको थियो । त्यो अति नै डरलाग्दो देखिन्थ्यो । उहाँहरूले पुकारा गर्दै प्रार्थना गर्नु भयो ।



पास्टर ग्रेस ली,
उमेर ४१, नेपाल मानमिन मिशन केन्द्र

दिउँसो २ बजे शुरु हुने आराधना सेवाको साटो मैले १ बजेतिर प्रार्थना सभा सञ्चालन गरेँ । मैले परमेश्वरको सामु पश्चात्ताप गर्नु पर्ने कुराहरू खोज्न थालेँ र मेरा चर्चका सदस्यहरूका साथमा पश्चात्तापको प्रार्थना गरेँ । प्रार्थना सभापछि, मैले त्रसित सदस्यहरूलाई घर जान दिएँ र चर्चमा रहन चाहनु हुने सदस्यहरूका साथ भवनको तलपट्टि रहेको चमेना गृहमा प्रार्थना गरेँ । दिउसोको ५:४५ बजेतिर दानियल प्रार्थना सभा शुरु भयो र हामीले चर्च भवनमा प्रवेश गऱ्यौं । सियोलमा अवस्थित मानमिन केन्द्रीय चर्चमा आयोजित विशेष दानियल प्रार्थनामा हामी जीसिएन मार्फत् सहभागी भयौं ।

त्यसको भोलिपल्ट आइतबारको दिन थियो र विशेष दानियल प्रार्थना सभाको अन्तिम दिन थियो । हामीले जीसिएन मार्फत् सिनियर पास्टरले गरिदिनु भएको आशिष्को प्रार्थना ग्रहण गऱ्यौं । उहाँले हामी नेपाल मिशन केन्द्रमा भएकाहरूका लागि प्रार्थना गरिदिनु भयो । वास्तवमा, नेपालभरि ९ देखि १२ रेक्टरसम्मको शक्तिशालि भूकम्प जानेछ र भारी वर्षा हुनेछ भनी पूर्वानुमान गरिएको थियो । हिमपहिरो पनि जानेछ भनी पूर्वानुमान गरिएको थियो । त्यसैले, कसैमा पनि बाँच्ने निश्चयता थिएन ।

तर, हामीले सिनियर पास्टरको प्रार्थना ग्रहण गऱ्यौं । मेरा चर्चका सदस्यहरूको घरमा केही क्षति वा चोरीको घटना भएन । उहाँहरूको नजिकै र अगाडिपट्टि रहेका घरहरू ढलेतापनि हाम्रा चर्चका सदस्यहरू रहनु भएको ठाउँ र अन्य क्षेत्रमा बसोबास गर्नु हुने उहाँका आफन्तहरू सबैले सुरक्षा पाउनु भयो । १९६ वटा शाखा चर्चहरू र परिवार चर्चहरूले पनि परमेश्वरबाट सुरक्षा पाउनु भयो ।

२०१५ सालको अप्रिल महिनामा नेपालमा आएको महा-भूकम्पले मन्दिर र गुम्बा जस्ता मूर्तिपूजा हुने थुप्रै स्थानहरूमा ठूलो क्षति पुऱ्यायो । तर मानमिनका सबै सदस्यहरूले पूर्ण रूपमा सुरक्षा पाउनु भयो । यो आश्चर्यजनक थियो र यसद्वारा मैले नेपालमा आत्माहरू बचाउन चाहनुहुने परमेश्वरको महान् र गहिरो प्रेम महसुस गर्न सकेँ ।

यस विपत्तिको दौरान, मैले असंख्य नेपालीहरूको दु:खद मृत्यु भएको देखें । तिनीहरूले प्रभुलाई ग्रहण गरेका थिएनन् र मूर्तिहरू पुजिरहेका थिए । तिनीहरूको निम्ति म अति नै दु:खित भएँ । नेपालमा पवित्रताको सुसमाचार र परमेश्वरको शक्ति प्रचार गर्ने एक आत्मिक योद्धा बन्ने निर्णय मैले गरेँ । आत्माहरू बचाउनका लागि म अथक प्रयास गर्नेछु । हल्लेलूयाह !



## "मेरो घरको केही पनि क्षति भएन"

सुस्मिता सिलवाल, उमेर ३४

मेरो घर अगाडि एउटा पोखरी थियो र त्यसको माझमा एउटा पुरानो मन्दिर थियो । मेरो कोठाको झ्याल खोल्दा त्यो मन्दिर देखिन्थ्यो । म दानियल प्रार्थना सभाबाट घर फर्केर आउँदा भूकम्पको कारण त्यो मन्दिर पोखरीमा डुबेको थियो । तरैपनि, मेरो घरमा केही पनि क्षति भएको थिएन, ग्याँस चूलोमाथि रहेका भाँडाहरू र बोतलहरू समेत सुरक्षित थिए । यो कति अश्चर्यजनक छ !



## "मन्दिर भत्कियो तर मेरो कार्यस्थल सुरक्षित रह्यो"

सञ्जय शाक्य, उमेर २६

म एउटा कपडा पसलमा काम गर्दछु र मेरो पसल र छेवैको मन्दिरलाई केवल एउटा पर्खालले छुटचाएको थियो । त्यस क्षेत्रमा धेरै मन्दिरहरू छन् । मेरो पसलको छेउमा रहेको त्यो मन्दिर भूकम्पद्वारा भत्कियो । यद्यपि, मेरो कार्यस्थल भने सुरक्षित रह्यो । परमेश्वरले मलाई गोठालोको क्षेत्र अनुभव गर्न दिनुभयो । म परमेश्वरको प्रशंसा गर्दछु । हल्लेलूयाह !



## "मेरी सासूको पुरानो माटोको घर भूकम्पमा सुरक्षित रह्यो"

अबीगेल तामाङ, उमेर ३७

विषालु कीटनाशक औषधि पिउनु भएको कारणले गर्दा मेरी सासू मृत्युको संघारमा पुग्नु भएको थियो । तर डा. लीको प्रार्थना ग्रहण गर्नु भएपछि उहाँले पुन: जीवन प्राप्त गर्नु भयो । उहाँ माटोको पुरानो घरमा बस्नु हुन्थ्यो । भूकम्पको समयमा उहाँ घरमा एक्लै हुनुहुन्थ्यो । वरिपरिका सबै घरहरू भत्किँदा, सिनियर पास्टरको तस्वीर भएको उहाँको घरले सुरक्षा पायो र मेरी सासू सुरक्षित हुनुभयो ।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन